आज मिति २०७९ साल भाद्र २२ गते बुधबारका दिन बकैया गाउँ कार्यपालिकाका अध्यक्ष श्री धर्मराज लामिछानेज्यूको अध्यक्षतामा यस आ. व. को चौथो कार्यपालिका बैठक बसि तपशिल बमोजिमको प्रस्तावहरूमा छलफल र निर्णय गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री धर्मराज लामिछाने | अध्यक्ष | बकैया-५ | |
| २ | श्री भक्त बहादुर खत्री | उपाध्यक्ष | बकैया-४ | |
| ३ | श्री आशिश तितुङ | वडा अध्यक्ष | बकैया-१ | |
| ४ | श्री विश्वराज स्याङ्तान | वडा अध्यक्ष | बकैया-२ | |
| ५ | श्री भुमल सिं घलान | वडा अध्यक्ष | बकैया-३ | |
| ६ | श्री राजन दंगाल | वडा अध्यक्ष | बकैया-४ | |
| ७ | श्री लक्ष्मी जिम्बा | वडा अध्यक्ष | बकैया-५ | |
| ८ | श्री फुल बहादुर भोम्जन | वडा अध्यक्ष | बकैया-६ | |
| ९ | श्री मानबहादुर सिंतान | वडा अध्यक्ष | बकैया-७ | |
| १० | श्री विष्णु नेगी | वडा अध्यक्ष | बकैया-८ | |
| ११ | श्री टंकध्वज लोप्चन | वडा अध्यक्ष | बकैया-९ | |
| १२ | श्री कमला कुमारी वाइवा | वडा अध्यक्ष | बकैया-१० | |
| १३ | श्री गोपाल बहादुर नेसुर | वडा अध्यक्ष | बकैया-११ | |
| १४ | श्री ज्ञानेन्द्र बजागाई | वडा अध्यक्ष | बकैया-१२ | |
| १५ | श्री सरिता माया जिम्बा | कार्यपालिका सदस्य | बकैया-२ | |
| १६ | श्री सावित्री सोराली | कार्यपालिका सदस्य | बकैया-७ | |
| १७ | श्री दिप कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | बकैया-८ | |
| १८ | श्री राजकुमारी भोम्जन | कार्यपालिका सदस्य | बकैया-१० | |
| १९ | श्री लक्ष्मीमाया माझी | कार्यपालिका सदस्य | बकैया-४ | |
| २० | श्री लोकेन्द्र माझी | कार्यपालिका सदस्य | बकैया-६ | |
| २१ | श्री महेश श्रेष्ठ | प्र.प्र.अ. (सदस्य सचिव) | | |

**अन्य उपस्थिती:**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| 2. | विकाश श्रेष्ठ | बरिष्ठ उद्यम विकास सहजकर्ता | |

Scanned with CamScanner

# बकैया गाउँ कार्यपालिकाको मिति २०७९।०५।२२ गतेको बैठकका निर्णयहरु

१. नदिजन्य पदार्थ उत्खननका लागि ठेक्का आह्वान सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ३, ४ र ७ भएर बग्ने सिमात खोला, हिरामुनी खहरे खोला र चम्पा खहरे खोलाका विभिन्न तोकिएका घाटहरुबाट तथा वडा नं. ४, ५, ६ र ७ भएर बग्ने बकैया खोला र सुकौरा खोलाका विभिन्न तोकिएका घाटहरुबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो उत्खनन् तथा सङ्कलन कार्यका लागि आ. व. २०७८।७९ मा गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम स्वीकृत भएको नदिजन्य पदार्थ उत्खनन गर्नेगरि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

२. स्टक मापन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा आ.व. २०७८।७९ मा यस गाउँपालिकाको विद्युतिय ठेक्का मार्फत नदिजन्य पदार्थको विक्री वितरणको लागि छनौट भएका निर्माण व्यवसायीहरुले स्टक गरेका तथा काठमाडौं तराई मधेश द्रुत मार्गको लागि स्टक गरेका नदिजन्य पदार्थ तथा माटोको स्टक मापनका लागि जिल्ला समन्वय समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

३. व्यक्तगत रुपमा काठमाडौं तराई मधेश द्रुत मार्ग नजिक जम्मा गरेका संकलित ढुङ्गा, गिटि सम्बन्धमा:-

काठमाडौं तराई मधेश द्रुत मार्ग वरिपरि व्यक्तिगत रुपमा संकलन गरेको नदिजन्य पदार्थ (ढुङ्गा गिटि, माटो) को सम्बन्धमा बागमति प्रदेशको आर्थिक ऐन बमोजिम हुने गरि सात दिनको सुचना जारी गर्ने सो समय अवधि सम्म सम्पर्कमा नआएको हकमा सो पदार्थ गाउँपालिकाद्धारा जफत गर्ने निर्णय गरियो ।

४. नदिजन्य पदार्थ सप्लायर्सको रुपमा कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भएका फर्मको स्टक मापन सम्बन्धमा

प्रस्तुत विषयमा यस बकैया गाउँपालिका स्थित नदिजन्य पदार्थ सप्लायर्सको रुपमा कम्पनि रजिष्ट्रारको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका फर्महरुमा रहेका नदिजन्य पदार्थ स्टक मापनको निर्णयको लागि सिफारिस गर्ने तथा त्यस्ता व्यवसायिक फर्महरुलाई समेत राजश्वको दायरामा ल्याउन आवश्यक देखिएकोले व्यवसाय अनुमतिको लागि सम्वन्धित निकायमा पहलको लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. निजि जग्गाको माटो विक्रिवितरण तथा कर सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा काठमाडौं तराई मधेश द्रुत मार्गलाई निजि जग्गाबाट माटो विक्रि वितरण गर्दा प्रदेश आर्थिक ऐन, २०७९ बमोजिम जग्गा धनिले कति माटो बिक्रि गर्ने हो

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

सो खुलाई गाउँपालिकामा निवेदन दिएमा प्रति घनफिट रु १ का दरले एकमुष्ठ गाउँपालिकालाई राजश्व बुझाउने गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी बिक्रिवितरण गर्न दिने निर्णय गरीयो ।

**६. विपद्कालागि पाईप खरिद सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा वर्षादको मौसममा हुने सम्भावित विपद्लाई मध्यनजर गर्दै सम्भावित बाढी पहिरोबाट खानेपानी लगायतमा हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि बढीमा रु १०,००,०००।– (दश लाख) को पाईप खरिद गर्ने निर्णय गरियो ।

**७. पुशपालनका लागि पकेटक्षेत्र घोषणा सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकामा पशुपालन व्यवसायलाई प्रवर्द्धन गरी व्यवसायमुखि तथा उत्पादनशिल बनाउनको लागि वार्ड न. १, २, ६ र ८ लाई बाखा पकेटक्षेत्र, वार्ड न ३,४,५,७,९ लाई भैसी पकेट क्षेत्र तथा वार्ड १०, ११ र १२ लाई खुवा उत्पादन पकेट क्षेत्र घोषणा गर्ने निर्णय गरीयो ।

**८. गरिब परिवार सुचिकृत परिचयपत्र वितरण सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिवार पहिचान परिचयपत्र ११ नम्बर वार्ड बाहेक अन्यमा वितरण गर्ने निर्णय गरियो ।साथै वार्ड न ११ को हकमा परिचयपत्र छुट हुनको कारण पत्तालागाई समाधानको लागि पहल गर्ने निर्णय गरियो ।

**९ उद्यम विकास समितिले गरेको निर्णय अनुमोदन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा उद्यम विकास समितिले मिति २०७९।०५।०९ गते गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**१०. बजेट तथा कार्यक्रमको अख्तियारी सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस आर्थिक बर्षमा स्वीकृत बजेट तथा कार्यक्रम संचालनको लागि अख्तियारी दिने निर्णय गरियो ।

**११. गाउँ खेलकुद विकास समितिले गरेको निर्णय अनुमोदन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा बकैया खेलकुद विकास समितिले मिति २०७९।०५ गते गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

भक्त बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तिसुँड, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**१२. बजार अनुगमन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा यस बकैया गाउँपालिका स्थित संचालनमा रहेका बजारलाई व्यवस्थित गर्न बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**१३. जुरेली हाट बजार व्यवस्थापन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा बकैया ४ स्थित जुरेलिमा रहेको हाट बजारको लागि निर्मित टहराहरुमा सटर निर्माण गरी भाडामा लगाउने प्रयोजनको लागि अध्ययन कार्य अगाडि बढाउने निर्णय गरियो ।

**१४. सिफारिस गर्ने सम्बन्धमा:-**

यस बकैया गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट यस आ.ब.मा रोजगार सेवा केन्द्रलाई आवश्यक पर्ने अन्य पूँजीगत शीर्षकको सामाग्रीहरु गाउँपालिको आन्तरिक स्रोतबाट खरिद गर्ने र बकैया गाउँपालिकाको लागि शसर्त अनुदानको रुपमा ३७१००१०३ युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजना कम्पोनेन्ट नं. ११.३.७.६ रोजगार सेवा केन्द्रको सुदृढिकरण ( कम्प्युटर, फर्निचर पिक्चर्स,क्यामेरा, अन्य विद्युतीय उपकरण) शिर्षकबाट दुई पाङ्ग्रे सवारी साधन खरिदको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

भरत बहादुर खत्री
उपाध्यक्ष

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

बकैया गाउँपालिका मकवानपुर

Scanned with CamScanner